“जब तिमीहरू मध्ये कसैले आफ्नो पेटमा केही महसुस गर्छ र त्यसबाट (मलद्वारको मार्ग बाट) केही निस्किएको छ वा छैन भन्ने शंका लाग्छ भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म मस्जिदबाट बाहिर नजाओस् ।”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : “जब तिमीहरू मध्ये कसैले आफ्नो पेटमा केही महसुस गर्छ र त्यसबाट
(मलद्वारको मार्ग बाट) केही निस्किएको छ वा छैन भन्ने शंका लाग्छ भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म मस्जिदबाट बाहिर नजाओस् ।” [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जब नमाज पढ्ने व्यक्तिलाई आफ्नो पेटमा केही महसुस हुन्छ र हावा खुस्केको छ वा छैन निश्चित छैन भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म नमाज छोडेर पुनः वुजू गर्न बाहिर जानु पर्दैन । किनभने शङ्काको आधारमा निश्चित कुरा अमान्य हुँदैन र यहाँ पवित्रता निश्चित कुरा हो, जबकि वुजू भङ्ग भयो कि भएन शंकास्पद कुरा हो ।

http://www.sunnah.global/hadeeth/ne/show/65083